पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, कार्तिक ०२ गते, २०८० साल (संख्या ११

## भाग २

पोखरा महानगरपालिका नगर कार्यपालिकाको तेइसौं बैठकको निर्णय बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**सम्वत २०८० सालको सूचना नं. १**

### पोखरा महानगरपालिकाको फेवाताल किनारामा ६५ मिटर बाहिरको नक्सा स्विकृत गर्ने सम्बन्धी सूचना !

पोखरा महानगरपालिका फेवाताल लेकसाइड मार्ग अर्थात बाटो भन्दा तल (पश्चिम तर्फ) ताल भन्दा माथि (पूर्व तर्फ) का जग्गाहरुमा विभिन्न निकायहरुबाट हालसम्म निर्माण कार्य रोक्का रहेकोमा पोखरा उपत्यका नगर विकास समितिको मिति २०७९।०९।०३ गतेको १७२ औं बैठकको निर्णय तथा सम्मानित सर्वोच्च अदालतको मिति २०८०।०३।०४ गतेको फैसला अनुसार फेवातालको वरिपरि वर्षायामको अधिकत्तम पानीको (High Flood) किनाराबाट ६५ मिटर सम्मको क्षेत्रलाई मात्र पूर्ण रुपले हरियाली क्षेत्र घोषित गरेको हुँदा सो ६५ मिटर भन्दा बाहिरको जग्गामा अन्य प्रचलित मापदण्ड यथावत कायम रहने गरि निर्माण कार्य फुकुवा गर्ने पोखरा महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८०।०४।१४ को बैठकले निर्णय गरेकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आज्ञाले,**
**श्याम कृष्ण थापा**
**प्रमुख प्रशासकीय अधिकृत**